# मुसिकोट नगरपालिकाको कोरोना भाइरस (COVID-19) मा आधारित प्रतिवेदन

(कोरोना भाइरस सम्बन्धि पूर्वतयारी, रोकथाम तथा नियन्त्रणको लागि गरेका कार्यहरु तथा रणनीतिक योजना)

## २०७६ साल चैत्र देखि हाल सम्मको

## प्रगती तथा तथ्यांकमा आधारित बिबरण

मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वातावरण तथा विपद ब्यबस्थापन समिति/स्वास्थ्य शाखा
२०७७, भाद्र

# सारांशः

मिति: २०७७/०५/१७

नेपालको संघीय संरचना निर्माण पश्चात रुकुम जिल्लाको सदरमुकाम क्षेत्रमा अबस्थित मुसिकोट नगरपालिकाको कुल क्षेत्रफल १३६.०६ ब.मि. र जनसंख्या ३६००० भन्दा बढी रहेको छ। यस मुसिकोट नगरपालिका कर्णाली प्रदेशको पुर्बी भागमा अबस्थित छ। यस नगरपालिकामा १४ ओटा वडा, ५ वटा स्वास्थ्य चौकी, १ वटा प्रयोगशाला सहितको स्वास्थ्य चौकी, ६ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु रहेका छन्। साबिकको सदरमुकाम रहेको स्थानीय तह भएतापनि यस नगरपालिका भौगोलिक रुपले अति बिकट रहेको छ। साथै नगरबासीहरुको सचेतना, आर्थिक अबस्था, शैक्षिक अबस्था, जनस्वास्थ अबस्था तथा सामाजिक अबस्थामा पानि समय सापेक्षित सकारात्मक परिबर्तन आएको देखिदैन। यस प्रतिवेदनमा यस नगरपालिकाका सम्पूर्ण निकया तथा अन्य सारोकारवाला निकाय तथा अब्यक्तिहरुले कोरोना भाइरस रोकथाम तथा नियन्त्रण सम्बन्धि गरेको प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोगहरुको जानकारीलाई मुख्य आधारको रुपमा लिइएको छ।



बिश्वब्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस COVID-19 को संभावित संक्रमण, रोकथाम तथा नियन्त्रणको लागि २०७६ साल चैत्र १० गते देखि नेपाल सरकारले जारि गरेको देशब्यापी लकडाउन (बन्दाबन्दि) को आदेश बमोजिम यस मुसिकोट नगरपालिकामा उच्च सतर्कताका साथ लकडाउनको कार्यन्वयन गरिएको थियो। यस अबधिमा आँफु अनि अरुलाईपनि सुरक्षित राख्दै संघ, प्रदेश तथा स्थानीय सरकारका निर्णयहरु र अनुरोधहरुको पूर्ण पालना गर्न सहयोग गर्नुभएकोमा सम्पूर्ण नगरबासीहरुमा हार्दिक धन्यवाद ब्यक्त गर्दै कोरोना रोकथाम, नियन्त्रण तथा प्रतिकार्यका लागि नेपाल सरकार, प्रदेश सरकार जिल्ला स्तिथका सरोकारवाला निकाय तथा कार्यालयहरु, सार्बजनिक तथा निजि क्षेत्र सम्बन्ध अस्पतालहरु, राजनीतिक दल, नागरिक समाज, जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी, उद्योगी, ब्यबसायी, स्वास्थ्यकर्मी, संचारकर्मी, स्वंयसेवी, सवारीचालक समेतबाट भएको प्रत्यक्ष एबं अप्रत्यक्ष सहयोग प्रति हार्दिक आभार प्रकट गर्दछौं।

# बिषयसुचिः


| शिर्षक | पेज |
|---|---|
| १. मुसिकोट नगर विपद ब्यबस्थापन बैठक MMCCM | १ |
| २. नगर तथा वडास्तरीय समन्वय समितिको गठन तथा परिचालन | १ |
| नगर स्तरमा | १ |
| वडा स्तरमा | २ |
| ३. QRT गठन तथा परिचालन | २ |
| ४. स्थानीय तह प्रकोप ब्यबस्थापन कोष खाता संचालन | ३ |
| ५. राहत बितरण सम्बन्धि मापदण्ड निर्माण | ३ |
| ६. हेल्थ डेस्क संचालन तथा जनप्रतिनिधि र कर्मचारी परिचालित | ३ |
| ७. स्वास्थ्य चौकी/शहरी स्वास्थ्य केन्द्र तथा हेल्थ डेक्स हरुको दैनिक बिबरण संकलन | ३ |
| ८. राहत तथा स्वास्थ्य सामग्री संकलन | ४ |
| ९. राहत सामग्री बितरण | ६ |
| १०.विभिन्न क्षेत्रबाट उद्धार | ६ |
| ११.RDT तथा RT-PCR परिक्षण सम्बन्धि बिबरण | ७ |
| १२.क्वारेन्टाइन संचालन तथा ब्यबस्थापन | ७ |
| १३.आइशोलेशन निर्माण तथा संचालन | ८ |
| १४.CICTT को गठन तथा परिचालन | ९ |
| १५.जिल्ला बाहिर तथा विदेश रहेका व्यक्तिहरुको लागत संकलन | १० |
| १६.बजार अनुगमन | ११ |
| १७.योग शिबिर संन्चालन | ११ |
| १८.जिल्ला बाहिर तथा विदेशबाट आएका व्यक्तिहरुको लागत संकलन | १२ |
| १९.COVID-19 सम्बन्धि आय ब्ययको बिबरण | १३ |
| २०.मनोसामाजिक परामर्श सम्बन्धि अन्तरबार्ता | १४ |
| २१.गतिविधिहरु (फोटो) | १७ |

## मुसिकोट नगर विपद ब्यबस्थापन बैठक MMCCM (Musikot Municipality Covid-19 Crisis Management) को गठन तथा निर्णयहरु,

मिति २०७६/१२/१० मा कोरोना भाइरस (COVID-19) संक्रमणको संभावित जोखिमलाई समन्वय, सहमति र सहकार्य अनुरुप न्यूनीकरण तथा प्रतिकार्यको लागि नगर प्रमूखको संयोजकत्व, जिल्ला समन्वय समिति, प्र.जि.अ. जिल्लास्तरका सुरक्षाकर्मीका प्रमुखहरु, नगरपालिकाका बिषयगत संयोजकहरु, कर्मचारीहरु, विभिन्न संघ-सस्थाका प्रतिनिधिहरु र पत्रकारहरुको उपस्थितिमा नगर विपद ब्यबस्थापन समितिको बैठक बसेको थियो।

## नगर तथा वडास्तरीय समन्वय समितिको गठन तथा परिचालन,

मुसिकोट नगर भित्र हुन सक्ने कोरोना भाइरस (COVID-19) को संक्रमण रोकथाम तथा नियन्त्रण एबं ब्यबस्थापन कार्यलाई कुशलतापुर्बक चालन, मितव्ययी र नातिजमुलक बनाउनका लागि विभिन्न सरोकारवाला निकायहरु मार्फत प्राप्त CCMC को निर्देशन र संरचना बमोजिमका कार्यदिशा यथाशीघ्र कार्यान्वयन तथा कार्यक्षेत्र भित्र रही कार्य गर्ने गरि मिति २०७६/१२/१० मा कोभीड सम्बन्धि पूर्वतयारि तथा प्रतिकार्यका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र बमोजिम तथा अन्य नगर स्तरमा नगर प्रमुखको संयोजकत्वमा र वडा स्तरमा वडा अध्यक्षको संयोजकत्वमा समिति गठन गरि संचालन गरिएको थियो ।

### नगर स्तरमा:

कोरोना भाइरसको जोखिमलाइ न्यूनीकरण तथा प्रतिकार्य सम्बन्धि सम्बन्धित सम्पूर्ण कार्यसंचालन गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा क्रियाशील रहन नगर स्तरमा नगर प्रमुखको संयोजकत्वमामा निम्न बमोजिमको ३७ सदस्यीय समिति गठन तथा परिचालन गरिएको थियो।

| | |
|---|---|
| क) नगर प्रमुख | संयोजक |
| ख) उप प्रमुख | सदस्य |
| ग) वडा अध्यक्षहरु (१४) जना | सदस्य |
| घ) कार्यपालिका सदस्यहरु (८) जना | सदस्य |
| ङ) नगर स्वास्थ्य चौकी प्रमुख (६) जना | सदस्य |
| च) समाजसेबीहरु (५) जना | सदस्य |
| छ) नेपाल रेडक्रस सोसाइटी | सदस्य |
| ज) स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिब |

## वडा स्तरमा:

कोरोना भाइरसको जोखिमलाइ न्यूनीकरण तथा प्रतिकार्य सम्बन्धि सम्बन्धित सम्पूर्ण कार्यसंचालन गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा क्रियाशील रहन वडा स्तरमा वडा अध्यक्षको संयोजकत्वमामा निम्न बमोजिमको समिति गठन तथा परिचालन गरिएको थियो।

| | |
|---|---|
| क) सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि | संयोजक |
| ख) सम्बन्धित वडाका सदस्यहरु | सदस्य |
| ग) सम्बन्धित वडामा रहेका स्वास्थ्य संस्थाका प्रतिनिधि | सदस्य |
| घ) सम्बन्धित वडामा रहेका बिद्यालयका प्रधानाध्यापक | सदस्य |
| ङ) स्थानीय समाजसेबीहरु | सदस्य |
| च) सम्बन्धित वडा कार्यालयको सचिब | सदस्य |

## QRT गठन तथा परिचालन,

यस मुसिकोट नगरपालिका क्षेत्रमा कोरोना भाइरस (COVID-19) सम्बन्धित तथा अन्य आकस्मिक घटनाहरु घटेमा तुरुन्तै परिचालन गरि सोको उद्धार, अध्यन, आबश्यक कार्य तथा ब्यबस्थापन गर्न सामाजिक विकास समिति संयोजकको संयोजकत्वमा विभिन्न संघ संस्थाका प्रतिनिधि, समाजसेबी, पत्रकार तथा सुरक्षाकर्मीहरुको गरि निम्न बमोजिमको ५ सदस्यीय QRT(Quick Response Tem) गठन गरि परिचालन गरिएको।

| | |
|---|---|
| क ) शुशील गौतम | संयोजक |
| ख) मनिषा के.सी. | सदस्य |
| ग) पहल बहादुर खड्का | सदस्य |
| घ) यज्ञ बहादुर के.सी. | सदस्य |
| ङ) उमेश के.सी. | सदस्य |

कोरोना भाइरस COVID-19 को सम्भावित जोखिमको न्यूनिकरण तथा प्रतिकार्य योजना सम्बन्धित निर्देशन, कार्यदिशा, कार्ययोजनाहरुको प्रभाकारी कार्यान्वयन भए नभएको अनुगमन तथा निरीक्षण गर्न साथै आबश्यक निर्देशन गर्न निम्न बमोजिमको समिति गठन गरिएको थियो।

| | |
|---|---|
| क) नगर प्रमूख | -संयोजक |
| ख) उप प्रमुख | -सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| घ) बिषयगत समितिका संयोजकहरु | -सदस्य |

ङ) स्वास्थ्य संयोजक -सदस्य सचिब

## स्थानीय तह प्रकोप ब्यबस्थापन कोष खाता संचालन:

विपद ब्यबस्थापनको लागि नगरपालिकाले जम्मा गरेको रकम, विभिन्न संघ-सस्थाहरु, सहकारी, ब्यबसाय, समुह तथा ब्यक्तिहरुले गरेको आर्थिक सहयोगलाई एकिकृत गरि सम्पूर्ण आर्थिक तथा वित्तीय कार्यप्रणालीलाई सु-ब्यबस्थित, पारदर्शी, मितब्ययीता तथा आर्थिक सुशासन कायम गरि श्रोत साधनको अधिकतम परिचालन गर्न मुसिकोट नगरपालिका स्थानीय प्रकोप ब्यबस्थापन कोष खाता संचालन गरिएको ।

## राहत बितरण सम्बन्धि मापदण्ड निर्माण,

राहत बितरण तथा ब्यबस्थापन कार्यलाई सु-ब्यबस्थित, प्रभावकारी, मितब्यबी, पारदर्शी, न्यायिक तथा एकद्वार प्रणालीद्वारा बितरण गर्न २०७६/१२/२६ गते नगर कार्यपालिकाको आकस्मिक बैठक बसी "मुसिकोट क्षेत्रमा कार्यरत श्रमिक बर्ग, असहाय र बिपन्न परिवारलाई उपलब्ध गराइने राहत सम्बन्धि मापदण्ड, २०७६" निर्माण गरि कार्यान्वन गरिएको थियो ।

## हेल्थ डेस्क,क्वारेन्टाइन संचालन र जनप्रतिनिधि तथा कर्मचारी परिचालन:

कोरोना भाइरसको जोखिमलाइ न्यूनीकरण तथा प्रतिकार्य सम्बन्धि कार्य गर्न मुसिकोट नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि, स्वास्थ्यकर्मी, वडा कार्यालयका कर्मचारी, सूचना प्रविधि शाखाका कर्मचारी, नगर प्रहरी र सवारी चालकहरु सक्रियतापुर्ब नियमित परिचालित भइ नगरपालिकाको नगर स्वास्थ्य शाखा, स्वास्थ्य चौकीहरु, शहरी स्वास्थ्य केन्द्रहरु तथा हेल्थ डेस्कहरुमा सार्बजनिक बिदाको दिन समेत निरन्तर स्वास्थ्य सेवा प्रबाह तथा कार्यसन्चालन गरिएको थियो ।

## नगर मातहतका स्वास्थ्य क्षेत्रहरुको दैनिक बिबरण संकलन:

यस मुसिकोट नगरपालिकामा २०७६ चैत्र ११ गते देखि लडकडाउन अबधिभर नगर स्वास्थ्य शाखा, विभिन्न स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रमा हेल्थ डेस्क मार्फत तथा नियमित यबंम स्क्रिनिंग सेवा गरि निम्न बमोजिमका बिरामीहरुको स्वास्थ्य परिक्षण गरियो ।

| क्र.स. | महिना | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १. | २०७६ चैत्र | १३८० | १३८३ | २७६३ |
| २. | २०७७ बैशाख | २३९५ | २८१५ | ५२१० |
| ३. | २०७७ जेष्ठ | २३६१ | २३९३ | ४७५३ |
| ४. | २०७७ असार | २०८९ | १९०० | ३९८९ |
| ५. | २०७७ साउन | १९२६ | १५२४ | ३४५० |
| ६. | जम्मा | | | |

## राहत तथा स्वास्थ्य सामग्री संकलन:-

बिश्वब्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को संक्रमणले देश पूर्ण रुपमा बन्दाबन्दीको अबस्थामा गुज्रीरहेको हुँदा यस मुसिकोट नगरपालिका क्षेत्रभित्रका दैनिक मजदुरी गरि जीबन निर्बाह गर्दै आएका तथा अति बिपन्न परिवार, क्वारेन्टाइनमा रहेकाहरु तथा नगरपालिकाको प्रकोप ब्यबस्थापन कोष खातामा रकम, खाद्यान्न तथा स्वास्थ्य सामग्री सहयोग गर्ने पुर्ब मन्त्री तथा प्रतिनिधि सभा-सदस्य, परोपकारी संस्थाहरु, वित्तीय संस्थाहरु, सहकारीहरु, व्यवसायहरु, समुहहरु तथा व्यक्तिहरुले गरेको सहयोगको बिबरण।

| क्र.स. | सहयोग गर्ने व्यक्ति/ ब्यबसाय/संस्था | ठेगाना | सहयोग गरिएको रकम |
|---|---|---|---|
| १ | जनादर्न शर्मा प्रभाकर | प्रतिनिधि सभा सदस्य रुकुम (पश्चिम) | रू २ लाख बारबारको स्वास्थ्य सामग्री सहयोग (अनुमानित) |
| २ | मल्ल हार्डवेयर एण्ड जनार अर्डर सप्लायर्स | मुसिकोट ५ सेरिगाउँ | ७५००० |
| ३ | सिद्धार्थ हार्डवेयर एण्ड सप्लायर्स | मुनपा १ खलङ्गा | ५०००० |
| ४ | अमर छापाखाना उद्योग | मुनपा १ खलङ्गा | ५०००० |
| ५ | जनसेवा महिला बिकास आयआर्जन सहकारी संस्था | मुनपा ५ सेरिगाउँ | ३५००० |
| ६ | ज्ञानु कुमार शर्मा | मुनपा ५ सेरिगाउँ | २५००० |
| ७ | डिग्रे शाइकुमारी बचत तथा ऋण सहकारी संस्था | मुनपा १ खलङ्गा | २५००० |
| ८ | मिलन अग्रोभेट सेन्टर सोलाबांग | मुनपा ४ सोलाबंग | २०१०५ |
| ९ | सिभिल बैंक | मुनपा १ खलङ्गा | २०००० |
| १० | मुनामदन अटो वर्कसब | मुनपा १ खलङ्गा | १२५०० |
| ११ | लालबिर बोहोरा | मुन्पा १ सल्ले | १२५०० |
| १२ | महिला सहयात्रा लघुवित्त वित्तीय संस्था | मुनपा ५ सेरिगाउँ | १०००० |
| १३ | विजय लघुवित्त तथा वित्तीय संस्था | मुनपा १ खलङ्गा | १०००० |

| | | | |
|---|---|---|---|
| १४ | सिलिंगी चौतारा कृषि सहकारी संस्था | मुनपा ५ सेरिगाउँ | १०००० |
| १५ | लक्ष्मी लघुवित्त तथा वित्तीय संस्था | मुनपा १ खलङ्गा | १०००० |
| १६ | परिबर्तन श्रमिक सहकारी संस्था | मुनपा ५ सेरिगाउँ | १०००० |
| १७ | छबिलाल शर्मा | चौरजहारी १३ | १०००० |
| १८ | टंक सन्यासी | मुनपा ४ सोलाबंग | १०००० |
| १९ | रुकुमेली समाज बिकास केन्द्र | मुनपा १ खलङ्गा | १०००० |
| २० | मदन शर्मा | मुनपा ५ सेरिगाउँ | १०००० |
| २१ | स्वाबलम्बन लघुबित्त तथा वित्तीय संस्था | मुनपा १ खलङ्गा | ५००० |
| | | | ४२०१०५ |
| २२ | कोपिला भ्याली सेवा समाज | बिरेन्द्रनगर सुर्खेत | १० लाख बारबरको स्वास्थ्य समाग्री तथा, खाध्यान सामाग्री सहयोग (अनुमानित) |
| २३ | ख्रीष्टिय राहत सेवा | भनिमण्डल ललितपुर | ८ लाख बारबरको स्वास्थ्य समाग्री तथा, खाध्यान सामाग्री सहयोग (अनुमानित) |
| २४ | हेब्री सोलुसन Pvt. Ltd | चितवन | १ लाख ४० हजार रकम बराबरको स्वास्थ्य सामग्री प्राप्त भएको |

## राहत सामग्री बितरण:

बिश्वब्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को कारणले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रभावित भएका नगरबासीहरुलाई न्यायोचित ढंगले एकद्वार प्रणालीद्वारा "मुसिकोट क्षेत्रमा कार्यरत श्रमिक बर्ग, असहाय र बिपन्न परिवारलाई उपलब्ध गराइने राहत सम्बन्धि मापदण्ड, २०७६" बमोजिम निम्नानुसारको राहत सामग्री बितरण गरिएको थियो।

| राहत प्राप्त गरेका वडागत परिवार संख्या | | | बितरण गरिएको सामग्री र परिमाण | | | |
|---|---|---|---|---|---|---|
| वडा नं. | लाभान्वित | जम्मा सदस्य | चामल के.जि | दाल (के.जि) | खाने तेल (ली) | नून (पोका) |
| वडा नं. १ | ६९५ | २७८० | १०१२० | ६८५ | ६९५ | ६९५ |
| वडा नं. २ | ३५ | १४० | ९०० | ८७ | ६१ | ६१ |
| वडा नं. ३ | ५९ | २२३ | १६४० | १५६ | १०८ | १०८ |
| वडा नं. ४ | ६५ | २६० | १८५० | ११० | १३० | १३० |
| वडा नं. ५ | १३४ | ५३६ | ३०४० | ४४२ | २१८ | २१८ |
| वडा नं. ६ | ६० | २४० | १८०० | १८० | ० | १२० |
| वडा नं. ७ | १३० | ५२० | ३४५० | ३४५ | २३२ | २३२ |
| वडा नं. ८ | १३ | ५२ | ३२० | ३१ | २२ | २२ |
| वडा नं. ९ | ५९ | २३६ | १३०० | १२५ | ८२ | ८२ |
| वडा नं. १० | ४० | १६० | १०६० | ९२ | ६६ | ६६ |
| वडा नं. ११ | ७५ | ३०० | २११० | २१० | १३९ | १३९ |
| वडा नं. १२ | ६४ | २५६ | १८८० | १८८ | १२४ | १२४ |
| वडा नं. १३ | १५५ | ६२० | ३९४५ | ३४६ | २९६ | २९६ |
| वडा नं. १४ | ४२ | १६८ | १२५० | १२१ | ८४ | ८४ |
| **जम्मा** | **१६२६** | **६४९१** | **३४६६५** | **३११८** | **२२५७** | **२३७७** |

## विभिन्न क्षेत्रबाट उद्दार:-

बिश्वब्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को कारणले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रभावित तथा उच्च जोखिममा परेका करिब २९८ जना हरुको उद्दार गरि घर सम्म पुर्याइएको,

## RTD तथा RT-PCR परिक्षण सम्बन्धि बिबरण:-

मुसिकोट नगरपालिका भित्र भारत तथा तेस्रो मुलुक र संक्रमण फैलिएको जिल्लाबाट आइ क्वारेन्टाईनमा बसी १४ दिन व्यथित गरेकाहरुको मुसिकोट नगरपालिका र स्वास्थ्य सेवा कार्यालय रुकुम पश्चिमको समन्वयमा क्वारेन्टाईन स्थलमै गएर RDT गरिएको विवरण तथा यस नगरपालिकाका विभिन्न क्षेत्रमा थ्रोट स्वाब र नाकबाट नमुना संकलन गरि स्वास्थ्य सेवा कार्यालय रुकुम पश्चिमको समन्वयमा कर्णाली स्वास्थ्य बिज्ञान प्रतिस्ठान जुम्ला, राप्ती स्वास्थ्य बिज्ञान प्रतिस्ठान घोराही, स्वास्थ्य सेवा कार्यालय दैलेख, पशुपन्छी रोग अन्वेषण केन्द्रको प्रयोगशाला सुर्खेतमा र चौरजहारी नगरपालिका रुकुम पश्चिमको प्रयोगशालामा गरिएको RT-PCR परिक्षणको बिबरण:

| सी.न. | परिक्षणको किसिम | संख्या | नतिजा | | कैफियत |
|---|---|---|---|---|---|
| | | | नेगेटिभ | पोजेटिभ | |
| १. | RDT | ३८४ | ३८२ | २ | |
| २. | RT-PCR | १५३३ | १५०६ | २७ | १जना नगरपालिका बाहिरको रहेको |

## क्वारेन्टाइन संचालन तथा ब्यबस्थापन:-

यस मुसिकोट नगरपालिकामा कोरोना ब्यबस्थापनको लागि भारत तथा तेश्रो मुलुकबाट आएका र जिल्ला बाहिरबाट आएका संकास्पद व्यक्तिहरुलाई क्वारेन्टाइन संचालन तथा ब्यबस्थापन कार्यविधिको मापदण्ड बमोजिम विभिन्न सामुदायिक तथा संस्थागत बिद्यालयहरुमा निम्न कोठा संख्या तथा बेड क्षमताका क्वारेन्टाइन निर्माण गरि संचालन गरिएको थियो ।

| क्वारेन्टाइन रहेको स्थान | वडा नं. | कोठा संख्या | बेड संख्या |
|---|---|---|---|
| त्रिभूवन जनता माबि खलंगा | १ | ५ | २५ |
| सिस्ने एकेडेमी बोर्डिङ स्कुल सोलाबाङ | ४ | १५ | ७५ |
| भगवती आबि जुगेना बगर | ४ | ६ | ३० |
| वालकल्याण माबि सोलाबाङ | ४ | १२ | ६० |
| वालकल्याण माबि झुल्खेत | ६ | २० | १०० |
| आधारभूत बिद्यालय मेलचौर | ६ | ५ | २५ |
| जनजागृति माबि साँख | ७ | १५ | ७५ |
| आधारभूत बिद्यालय लिङ्गुर | ९ | ६ | ३० |
| जनशिक्षा आबि चौखाबाङ | ९ | ८ | ४० |
| जनकल्याण माबि भलाक्चा | ११ | १५ | ७५ |

| | | | |
|---|---|---|---|
| ज्ञानोदय माबि लहुँ | ११ | १५ | ७५ |
| जनकल्याण माबि काँसपोखरी | १२ | १५ | ७५ |
| नेपाल राष्ट्रिय आबि पुरिनचौर | १२ | ८ | ४० |
| महेन्द्र माबि चौतारा | १३ | २० | १०० |
| आधारभूत बिद्यालय काउलेचौर | १३ | ६ | ३० |
| प्रभात माबि दोपाइ | १४ | २२ | ११० |
| आधारभूत बिद्यालय छिबाङखोला | १४ | १० | ५० |
| आधारभूत बिद्यालय लोरीबाङ | १४ | ६ | ३० |
| आधारभूत बिद्यालय हाइबाङ | १४ | ५ | २५ |
| | **जम्मा** | **२१४** | **१०७०** |

## आइशोलेशन निर्माण तथा संचालन:-

**बिश्वब्यापी महामारीको रुपमा फैलिरहेको COVID-19 सम्भावित जोखिम न्यूनीकरणको लागि कोरोना पुष्टी भएका बिरामीहरुलाई सुरक्षित तरिकाले ब्यबस्थापन तथा उपचार गर्न माननीय पुर्व मन्त्रि तथा प्रतिनिधि सभा सदस्य रुकुम (पश्चिम) श्री जनार्दन शर्माको बिशेष पहलमा कर्णाली प्रदेश सरकार र संघीय सरकार पूर्वाधार बिकास कोषको आर्थिक साझेदारी तथा मुसिकोट नगरपालिको ब्यबथापनमा मुसिकोट नगरपालिका १ नं. वडा सल्ले स्थित जिल्ला स्वास्थ्य कार्यालयको जग्गामा १ कोठे ८ बेड क्षमता भएको आइशोलेशन भवन निर्माण गरिएको छ । जसमा भवन संगसंगै आइशोलेशन भवनको फिल्ड, बाटो र शौचालय समेत निर्माण गरिएको छ। १० दिनमा निर्माण गर्ने लक्ष्य रहेको सो भवन १८ दिनमा सम्पन्न भएको थियो । भवन निर्माणमा दक्ष तथा अध्यक्ष व्यक्तिहरु गरि ५० जनाले रोगजार पाएका थिए। भवन निर्माण समितिका अध्यक्ष मुसिकोट नगरपालिका वडा नं. १ निबासी श्री डम्बर थापा रहेका थिए।**

## भौतिक बिबरण:

| क्र.स. | रहेको स्थान | आइसोलेशन center को नाम | कोठा संख्या | बेड संख्या | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १. | मुसिकोट न.पा. १ सल्ले | सल्ले अस्पताल आइशोलेशन | १ | ८ | इश्वर रावल | ९८४४९२५३७८ |

## आर्थिक बिबरण:

| क्र.स. | निकाय | बजेट | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | कर्णाली प्रदेश सकार | २० लाख | |
| २. | पूर्वाधार बिकास समिति | ३० लाख | |
| | जम्मा | ५० लाख | |

## CICTT को गठन तथा परिचलान:-

COVID-19 महामारीको रोकथामका लागि संस्कापद, सम्भावित र पुष्ठी भएका बिरामीहरुको Case अनुसन्धान र निजको सम्पर्कमा आएका व्यक्तिहरुको खोज पडतालका लागि यस मुसिकोट नगरपालिकामा प्राबिधिक जनशक्ति रकेको टिम (CICTT) तपशिल बमोजिमको गठन तथा परिचालन गरिएको थियो।

**Team 'A'**

| क्र.स. | नाम थर | कार्य-क्षेत्र | इमेल | फोन |
|---|---|---|---|---|
| १. | डेबिड रावल | (जनस्वास्थ्य अधिकृतका लागि) | davidrawal20@gmail.com | 9857822889 |
| २. | चुडामणि बि.क. | (पारामेडिक्स का लागि) | | 9867066329 |
| ३. | देबराज महतरा | (ल्याब टेक्निसियनका लागि) | debrajmahatara501@gmail | 9843484129 |

**Team 'B'**

| क्र.स. | नाम थर | कार्य-क्षेत्र | इमेल | फोन |
|---|---|---|---|---|
| १. | डील्लीराज बोहरा | (संयोजक) | bohoraraj1215@gmail.com | 9857823716 |
| २. | अम्मर बहादुर थापा | (पारामेडिक्सको लागि) | | 9847981515 |
| ३. | चन्द्र बहादुर बिष्ट | ल्याब सहायक | | |

## विदेश तथा जिल्लाबाहिर रहेका तथा आएका व्यक्तिहरुको लागत संकल:-

बिश्वब्यापी महामारीको रुपमा फैलिरहेको COVID-19 अबस्थामा बाहिर रहेका नगरबासीहरुको अवस्था बुझ्न तथा उद्दार प्रक्रियाकोलागि यस मुसिकोट नगरपालिकाका नगरबासीहरु भारत तथा तेश्रो मुलुक र जिल्ला बाहिर रहेका ब्यक्तिहरुको लागत संकलन गरि जिल्ला प्रशासन तथा सम्बन्धित सरोकारवाला निकायहरुमा पेश गरिएको।

| मुसिकोट नगरपालिकाबाट बिभिन्न उद्धेश्यले विदेश वा जिल्ला बाहिर रहेका व्यक्तिहरुको बिबरण। | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स. | वडा नं. | जम्मा घरधुरी | जम्मा जनसंख्या | भारतमा रहेका | विदेशमा रहेका | जिल्ला बाहिर रहेका | कैफियत |
| १ | १ | | ८९५५ | १३५ | १३८ | | |
| २ | २ | | | ७४ | ७८ | ७ | |
| ३ | ३ | २७७ | १३६४ | ८६ | ३५ | ७० | |
| ४ | ४ | | ३९०० | १६८ | १९१ | २५६ | |
| ५ | ५ | | | ४३ | ७० | | |
| ६ | ६ | | | ४६ | ९९ | | |
| ७ | ७ | ६५० | ३५९० | २१० | १९४ | २२५ | |
| ८ | ८ | | | १०८ | ८६ | १०२ | |
| ९ | ९ | ४०० | २२३० | २७५ | १११ | २८ | |
| १० | १० | ३६३ | २०२६ | २२६ | ८४ | ९७ | |
| ११ | ११ | | | ६७६ | ९५ | ८८ | |
| १२ | १२ | | | २६२ | ४३ | ७१ | |
| १३ | १३ | ५७५ | | २६९ | ५४ | ८५ | |
| १४ | १४ | | | | | | |
| जम्मा | | २२६५ | २२०६५ | २५७८ | ११७८ | १०२९ | |

## बजार अनुगमन:

बिश्व्बयापी महामारीको रुपमा फैलिरहेको COVID-19 ले गर्दा दैनिक उपभोग्य बस्तुहरुको आपूर्तिमा ब्यबस्थापन तथा सम्भावित कालोबजारीलाइ न्यूनीकरण गर्न यस नगरपालिका उप-प्रमुख श्री प्रेम कुमारी सुनार केसीको संयोजकत्वमा जिल्ला प्रशासन, जिल्ला प्रहरी,नगर प्रहरीहरुको साझेदारीमा संयुक्त नियमित बजार अनुगमन गरिएको थियो।

## योग शिबिर संचालन:

आयुर्बेद बिभागको निर्देशिका तथा बिभाले जारि गरेको protocal र स्वास्थ्य मन्त्रालयबाट जारि गरेको अन्य परिपत्र बमोजिम मुसिकोट नगरपालिका अन्तर्गतका क्वारेन्टाइनमा बसेको रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्ने, मनोबल तथा परामर्श वृद्धि गर्ने, सरसफाई, खानपिन, जिबनशैली तथा सचेतना अभिवृद्धि गर्ने अभिप्रायले निम्न बमोजिमका योग शिबिर संचालन गरियो।

क) संचालन गरेका योगशिबिरहरु:

- ११ प्रकारका सुर्यनमस्कार
- प्रनायम: अनुलोम, विलोम, भारमारी, भास्त्रिका, कपालभाति
- अन्य आसनहरु: गरुडाआसन, भुजंगासन, अधोमुखासन, तरासन, चातुरांग, दण्डासन्, सबासन

ख) प्रशिक्षकहरु

राजेन्द्र के.सी.
तिलक खड्का
योग प्रशिक्षक

ग) क्वारेन्टाइन अनुसार सहभागी भएका व्यक्तिहरु:

| क्र.स. | क्वारेन्टाइनको नाम | वडा नं. | सहभागी संख्या | मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | वालकल्याण माबि झुल्खेत | ६ | २४ | २०७७/०२/२७ | |
| २. | जनजागृति माबि साँख | ७ | २३ | २०७७/०२/२९ | |
| ३. | जनकल्याण माबि भलाक्चा | ११ | २७ | २०७७/०२/२७ | |
| ४. | ज्ञानोदय माबि लहुँ | ११ | ३३ | २०७७/०२/२७ | |
| ५. | जनकल्याण माबि काँसपोखरी | १२ | ३२ | २०७७/०२/२८ | |
| ६. | महेन्द्र माबि चौतारा | १३ | ६४ | २०७७/०२/२६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | प्रभात माबि दोपाइ | १४ | ९० | २०७७/०२/२६ | |
| ८. | दियो आ.बि. | १४ | २३ | २०७७/०२/२६ | |
| ९. | समाजकल्याण आ.बि. | ६ | २२ | २०७७/०२/२९ | |
| १०. | मुसिकोट बहुमुखी क्याम्पस | १ | ३१ | २०७७/०२/२८ | |
| | | जम्मा | ४५९ | | |

## यस मुसिकोट नगरपालिकामा लकडाउन अबधिभर भारत तथा अन्यमुलुक र जिल्ला बाहिरबाट यस यस क्षेत्रमा आएका व्यक्तिहरुको बिबरण:

**यस संक्रमणकालीन अबस्थामा मुसिकोट नगरपालिका भित्र भारत लगाएत तेस्रो मुलुलुक र जिल्ला बाहिर बाट आएका व्यक्तिहरुको बिबरण तपशिल बमोजिम रहेको छ ।**

| क्र.स. | वडा नं. | जम्मा भारतबाट आएका | अन्य मुलुकबाट | जिल्ला बाहिरबाट |
|---|---|---|---|---|
| १ | वडा नं. १ | ६५ | ७ | ५२ |
| २ | वडा नं. २ | १२ | १ | 32 |
| ३ | वडा नं. ३ | १० | १ | १२ |
| ४ | वडा नं. ४ | ६२ | ३ | २९ |
| ५ | वडा नं. ५ | १० | १ | ४८ |
| ६ | वडा नं. ६ | १९ | ० | ४७ |
| ७ | वडा नं. ७ | ५३ | १ | ५३ |
| ८ | वडा नं. ८ | ९ | १ | २९ |
| ९ | वडा नं. ९ | २९ | ० | ४४ |
| १० | वडा नं. १० | १२ | २ | ५३ |
| ११ | वडा नं. ११ | १४१ | ३ | ४१ |
| १२ | वडा नं. १२ | ५५ | १ | ३८ |
| १३ | वडा नं. १३ | १०३ | १ | २१ |
| १४ | वडा नं. १४ | १४८ | ० | १९ |
| | **जम्मा** | **७२८** | **२२** | **५१८** |

## आर्थिक बिबरण:

यस मुसिकोट नगरपालिका रुकुम (पश्चिम) ले कोरोना भाइरस COVID-19 को संक्रमणलाइ रोकथाम तथा न्यूनीकरण गर्न विभिन्न आर्थिक श्रोतहरु मार्फत स्थानीय प्रकोप ब्यबस्थापन कोषमा जम्मा गरि हाल सम्म गरेको वित्तीय प्रगति बिबरण निम्न बमोजिम रहेको छ ।

| आर्थिक बर्ष २०७६/०७७ को कोरोना भाइरस COVID-19 नियन्त्रण तथा रोकथामको लागि भएको आम्दानी बिबरण | | | |
|---|---|---|---|
| क्र.स. | निकाय | प्राप्त बजेट | कैफियत |
| १ | कोरोना भाइरस COVID-19 विपद ब्यबस्थापन खर्च र्णाली प्रदेशबाट प्राप्त रकम | २०००००० | |
| २ | कोरोना भाइरस COVID-19 विपद ब्यबस्थापन खर्च संघीय सरकारबाट प्राप्त रकम | ६७५७५० | |
| ३ | मुसिकोट नगरपालिकाको प्रकोप ब्यबस्थापन कोष, नगरपालिकामा कार्यरत शिक्षक तथा कर्मचारीबाट बाट प्राप्त | ८५६८८७७ | |
| ४ | यस मुसिकोट नगरपालिका विभिन्न संस्था, व्यक्तिहरुबाट सहयोग प्राप्त रकम | ४५५१०५ | |
| ५ | सघिय सरकारको पूर्वाधार बिकास कोष कार्यक्रम आइशोलेशन निर्माण | ३०००००० | |
| | जम्मा | १४६९९७३२ | |

| | आर्थिक बर्ष २०७६/०७७ को कोरोना भाइरस COVID-19 नियन्त्रण तथा रोकथामको लागि भएको खर्च बिबरण | | |
|---|---|---|---|
| क्र.स | आयोजना कार्यक्रम | खर्च रकम | कैफियत |
| १ | राहत सामग्री बितरण | २७४२३०० | |
| २ | स्वास्थ्य/सुरक्षा सामग्री(साबुन, मास्क, सेनेटाईजर, PPE सेट, ग्लोब्स) ,औषधि खरिद तथा RDT तथा VTM किट | ३८४२४३२ | |
| ३ | आइसोलेशन भवन निर्माण | ३०००००० | |
| ४ | क्वारेन्टाइन ब्यबस्थापन | ४१५०००० | |
| ५ | यातायात खर्च (गाडी रिजर्भ भाडा) | ३५०००० | नगरबासि हरुलाई विभिन्न ठाउँ बाट उद्धार गरि सम्बन्धित ठाउँमा पुर्याउन |
| ६ | गाडी भाडा | १४५००० | स्वाब संकलन, तथा स्वाब विभिन्न प्रयोगशालामा पुर्याउने खर्च |
| ७ | सुचना प्रकाशन तथा प्रसारण | ४७०००० | जनचेतना, रेडियो |

| | | | |
|---|---|---|---|
| | | | पत्रपत्रिका, छपाई खर्च |
| | जम्मा | १४६९९७३२ | |

## कोरोना भारस (COVID-19)ले परेका मनोसामाजिक समस्या तथा परामर्श सम्बन्धि अन्तरबार्ता:

### बिश्वब्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को सम्भावित संक्रमण सम्बन्धिको मनोसामाजिक प्रभाब सम्बन्धि शिक्षक र बिध्यार्थि बीचको अन्तरबार्ता:

**बिद्यार्थी**: सर नमस्ते ?

**शिक्षक:** नमस्ते नमस्ते, सन्चै छौ ?

**बिद्यार्थी:** सन्चै छु सर, अनि हजुर नि ?

**शिक्षक**: म पनि ठिकै छु ?

**बिद्यार्थी**: सर हजुरलाई एउटा कुरा सोध्नु थियो ?

**शिक्षक:** हुन्छ, सोध के कुरा हो?

**बिद्यार्थी:** सर आज बिश्व नै कोरोना भाइरसको कारणले आक्रान्त भएको छ भन्छन सर के हो कोरोना भाइरस भनेको ?

**शिक्षक:** नोभेल कोरोना भाइरस (Novel Corona Virus, CoV) कोरोना भाइरसकै एक नयाँ प्रजाति हो । नोभल कोरोना भाइरसका कारुण शुरु भएको यो रोग चीनको बुहानमा पहिलो पटक पहिचान गरिएको थियो । यसलाइ हाल कोरोना भाइरस रोग २०१९ (अर्थात कोभिड-19) नामाकरण गरिएको छ ?

**बिद्यार्थी**: सर भाइरसको बारेमा त थाहा भयो, तर यो भाइरसको संक्रमण कसरि हुन्छ ?

**शिक्षक:** कोरोना भाइरस श्वासप्रश्वासको माध्यमबाट सजिलै सर्ने रोग हो । यो रोग संक्रमित व्यक्तिले खोक्दा वा हाच्छ्युँ गर्दा, नाक वा मुखबाट निस्केका साना साना छिटामा कोरोना भाइरसहरु हुन्छन र संक्रमित व्यक्तिकोको नजिकमा बस्ने मनिसको शरीरमा भाइरस छिर्न सक्दछ । र यसले हाल बिश्वब्यापी महामारीको रुप लिईसकेको छ ।

**बिद्यार्थी:** यो भाइरसका लक्षणहरु मुख्य लक्षणहरु के के हुन सर ?

**शिक्षक**: सामान्यतया धेरै भाइरसहरुले लक्षण उस्तै उस्तै हुन्छ । भाइरसले मानब स्वास्थ्यमा प्रत्यक्ष असर देखाउनदैन यो शरीरभित्र प्रवेश गरिसकेपछि शरीरको रोगसँग लड्न सक्ने

प्रतिरोधात्मक शक्ति लाइ कमोजोर बनाइदिन्छ । र यसका मुख्य लक्षणहरु भने १००.४ डिग्री F भन्दा बढी ज्वरो आउनु, लामो समयसम्म सुख्खा खोकी लाग्नु तथा सास फेर्न गाह्रो हुनु, थकान तथा स्याँस्या हुनु र शरीरका मांसपेशीहरु दुख्नु हो ।

**<u>बिद्यार्थी:</u>** सर यो भाइरसले मानब जिबनको शारीरिक तथा भौतिक रुपको साथै अन्य कुन कुन क्षेत्रमा समस्या पार्दछ सर ?

**<u>शिक्षक:</u>** ल सुन, यो भाइरसकै कारण आज बिश्व जगतमा मानब जिबन धेरै प्रभावित भएको छ । विशेषगरी यसले सिर्जना गर्न सक्ने मुख्य समस्याहरु भनेका मनोसामाजिक समस्या,सामाजिक समस्या, शैक्षिक समस्या, आर्थिक समस्या, स्वास्थ्य उपचारमा समस्या, बिकास निर्माणको समस्या तथा अन्य समस्याहरु हुन ।

**<u>बिद्यार्थी:</u>** मनोसामाजिक समस्याहरु के के हुन सक्छन सर ?

**<u>शिक्षक:</u>** यो भाइरसकै कारण आज मानब जगतमा धेरै मनोसामाजिक समस्याहरु सिर्जना भएका छन् । मुख्यतया मनोसामाजिक समस्यामा डरचिन्ता धेरै मान्नु, आत्मबल कम्जोर हुनु, नकरात्मक सोच गर्नु आदि हुन् । यस्तो समस्या मुख्य गरि बालबालिका, बृद्ध बृद्धा तथा महिलाहरुमा देखा पर्न सक्दछ ।

**<u>बिद्यार्थी:</u>** सामाजिक समस्याहरु के के हुन सक्छन सर ?

**<u>शिक्षक:</u>** यस भाइरसले गर्दा धेरै सामाजिक समस्याहरु उत्पन्न भएका छन र सामाजिक समस्याले गर्दा नै यस्तो भयाबहको अबस्था सिर्जना भएको देखिन्छ । सामाजिक समस्या भन्नाले बिरामी वा संकास्पद व्यक्तिलाई छि:छि दुर दुर को ब्यबहार गर्नु, हेरचाह कम गर्नु, अवहेलाना गर्नु, स्थापित हुन नदिनु, सहयोगको तथा भाइचाराको भाबना नहुनु तथा पुनर्लाभ सम्बन्धि सहयोग नगर्नु आदि हुन् । सामाजिक दुरी (SOCIAL DISTANCE) को नाममा धेरै समस्याहरु देखा परेका छन् ।

**<u>बिद्यार्थी:</u>** आर्थिक समस्याहरु के के हुन सक्छन सर ?

**<u>शिक्षक:</u>** यस भाइरसकै समस्याले गर्दा विश्वमा धेरै आर्थिक संकट उत्पन्न भएको छ । महामारीको सामाना गर्नुपर्ने भएकोले राज्यकै आर्थिक अबस्थामा कमजोर हुनुको साथै धेरै ब्यापार ब्यबसाय, उद्योग कलकारखाना सुचारु गर्न नसकी बन्द अबस्थामा पुगेकोले रोजगारीहरु गुमेका छन् आर्थिक समस्याकै कारण गास ,बास तथा कपासको अभाबले गर्दा रोगले भन्दा नि भोकले मर्ने समस्या सिर्जना भएको छ ।

**<u>बिद्यार्थी:</u>** शैक्षिक समस्याहरु के के हुन सक्छन सर ?

**शिक्षक:** यस भाइरसकै कारणले गर्दा बिद्यालय वा अन्य शैक्षिक संस्थाहरु सुचारु गर्न नसकी बिध्यार्थी/बालबालिकाहरु पढ्नबाट बन्चित भएका छन्, शिक्षक-बिद्यालय-बिद्यार्थीहरु बिचको दुरी टाढा भएको छ, बिद्यार्थीहरुमा अध्ययन गर्ने भावना घट्दै गएको छ, बालबालिकाहरुमा मनोसामाजिक समस्याहरु उत्पन्न भएका छन् ।

**बिद्यार्थी:** बिकास निर्माण तथा अन्य समस्याहरु के के हुन सक्छन सर ?

**शिक्षक:** राम, यस भाइरसको संक्रमणले सम्पूर्ण क्षेत्रमा असर पारेको छ, तर पनि मुख्य प्रभाब पार्ने क्षेत्रमा बिकास निर्माण पनि पर्दछ । राज्यको आर्थिक अबस्था कमजोर रहने तथा बिकास निर्माणमा आबश्यक पर्ने जनशक्ति सहजै परिचालन गर्न नसक्ने भएकोले विकास निर्माणमा धेरै असर गर्ने गर्दछ ।

**बिद्यार्थी:** कोरोना भाइरसको संक्रमणले असर पार्ने क्षेत्रहरु धेरै बुझियो सर यसको लागि हजुर प्रति धेरै आभारी छु ?

**शिक्षक:** ठिक छ, राम यस्तो विषम परिस्थितिमा हामि सबैले भाइरसको संक्रमणलाइ रोकथाम तथा नियन्त्रण गर्न आ-आफ्नो क्षेत्रबाट सहयोग गरि आफु पनि बच्न र अरुलाईपनि बचाउन नागरिक सचेतना फैलाउने, राहत उद्धार, परमार्श दिने साथै पुनर्लाभ सम्बन्धि सहयोग गर्नु हामि सम्पूर्ण नागरिकहरुको कर्तब्य पनि हुनेछ ।

**बिद्यार्थी:** हजुर सर म बिद्यार्थीको क्षेत्रबाट गर्न सक्ने सहयोग नियमित कार्यकुशलताका साथ् गर्ने छु ।

**शिक्षक:** ल ठिक छ, सुरक्षित रही सदैब असल विद्यार्थीको भूमिका निर्बाह गरि लोककल्याणकारी सामाजिक कार्य गर्नु, आजलाई छुटीऔँ है त ।

**बिद्यार्थी:** हुन्छ सर ।

# गतिबिधिहरु

**नोभल कोरोना भाइरस (COVID-19) को रोकथाम तथा नियन्त्रणको लागि गरिएका गतितितिबिधिहरु**












# नोभल कोरोना भाइरस (COVID-19) को रोकथाम तथा नियन्त्रणको लागि गरिएका गतितितिबिधिहरु












कलोबजारी नियन्त्रणको लागी नगर उप
प्रमूख प्रमूख प्रशसकीय अधिकृत र नेपाल
प्रहरीको पहलमा बजार अनुमन


बजार अनुमन प्रमूख
प्रशसकीय अधिकृत
खाद्यान्नको उपभोग्य मिति
हेर्नुहँदै


उद्दारको लागि
भारतमा अलपत्र
परेका नेपालिहरु


धनिष जनरल स्टोर्स
कलोबजारी नियन्त्रणको लागी नगर उप
प्रमूख कर्मचारी र नेपाल प्रहरीको पहलमा
बजार अनुमन


डोल्पा मुगु हुम्ला र जुम्ला जानको लागि
आएकाहरुको लागि उद्दार तथा खाना खुवाउँदै




काठमाण्डौं तथा अन्य
जिल्लामा जोखिममा
रहेकाहरुको लागि उद्दार
गर्न गाडी पठाउँदै


डोल्पा मुगु हुम्ला र जुम्ला जानको लागि
आएकाहरुको लागि उद्दार गरी सम्बन्धीत ठाँउमा
पठाउन पहल गर्दै

## नोभल कोरोना भाइरस (COVID-19) को रोकथाम तथा नियन्त्रणको लागि गरिएका गतितिबिधिहरु












## नोभल कोरोना भाइरस (COVID-19) को रोकथाम तथा नियन्त्रणको लागि गरिएका गतितितिबिधिहरु















## नोभल कोरोना भाइरस (COVID-19) को रोकथाम तथा नियन्त्रणको लागि गरिएका गतितितिबिधिहरु












वडा नं १२ मा रोकथाम तथा नियन्त्रणको लागि वडा
अध्यक्ष नगर स्वास्थ्य संयोजक वडा सदस्यहरु र
कर्मचारी


सिमा नाका मुनपा ११
स्याउलीबजारमा हेल्थ
डेस्क


स्वास्थ्य समाग्री ग्रहण गर्नुहँदै
सामाजिक विकास समिति
संयोजक र स्वास्थ्य संयोजक


वडा नं ४ मा राहत वितरण हुँदै


राहत वितरण तथा क्वारेन्टाइन सम्बन्धी कार्यविधि
स्विकृत गर्न आपतकालिन नगर कार्यपालिका बैठक
SHOT ON OPPO


चिनियाँ शैली पछ्याउँदै जनार्दन शर्माको अगुवाईमा
बन्यो दश दिनमै सुविधासम्पन्न अस्पताल - Himal...
केही समयअघि चीनको बुहानमा दश दिनमा हजार
शैयाको अस्पताल बनेको समाचार भाइरल भएको ...


नेपाली सेनाको पहलमा वडा
नं १२ मा सचेतनामूलक
कार्यक्रममा


पुर्व मन्त्री तथा राष्ट्रिय सभा सदस्य माननीय श्री जनार्दन शार्मा प्रभाकरज्यूको
पललमा हेल्थ डेस्क तथा स्वास्थ्य समाग्री वितरण कार्यक्रममा समन्वय प्रमूख
तथा जिल्ला अस्पतालका डक्टरहरु